नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, गरिबी निवारण तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२/०८३

चलानी नं.: ४४४

मितिः २०८३/०२/०४

नेपाल संवत् ११४६

विषयः भवन निर्माण व्यवस्था सुदृढीकरण समितिका निर्णयहरु कार्यान्वयन सम्वन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

शहरी विकास मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. २४७५, मिति २०८३/०१/२३ को भवन निर्माण व्यवस्था सुदृढीकरण समितिका निर्णयहरु कार्यान्वयनका सम्वन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः पत्र इमेल गरिदिनुहुन र वेवसाइटमा समेत अपलोड गरिदिनुहुन।

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

प.सं. :- ०८२/८३

च.नं. :- २४७५

मिति :- वि.सं. २०८३/०१/२३

**ने.स.** :- ११४६ वछलागा,४ बुधवार

विषय: भवन निर्माण व्यवस्था सुद्दढिकरण समितिको निर्णयहरु कार्यन्वयनका लागि सबै स्थानीय तहहरुमा परिपत्र गरिदिने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमांडौ

प्रस्तुत विषयमा भवन ऐन, २०५५ को दफा '३' बमोजिमको भवन निर्माण व्यवस्था सुद्दढिकरण समितिको मिति २०८२/१२/२७ गते बसेको १९ औ बैठकमा भवन निर्माण सम्बन्धि कार्यलाई थप व्यवस्थीत, सुद्दढ एवं गुणस्तरीय बनाउनका लागि स्थानीय तहहरुसँग सम्बन्धित तपशिल अुसारका निर्णयहरु भएकोले उक्त निर्णयहरु कार्यान्वयनका लागि सबै स्थानीय तहहरुमा परिपत्र गरिदिनुहुन यस मन्त्रालयको मिति 2083/01/22 को सचिवस्तरीय निर्णयानुसार अनुरोध गर्दछु ।

**तपशिल (बैठकका निर्णयहरु)**

१. नेपालका विभिन्न स्थानीय तहहरूमा कार्यरत प्राविधिकहरूले आफै तथा आफ्ना मातहतका इन्जिनियरिङ्ग कन्सल्टेन्सी बाट नक्सा तयार गर्ने/गराउने, आफै साइट निरीक्षण गर्ने तथा आफै सम्पन्न प्रमाणित गर्ने प्रवृत्ति देखिएको र यसले निर्माणको गुणस्तर घटाई संरचनात्मक रूपमा कमजोर भवन निर्माण हुने जोखिम वढाएको हुनाले सो सम्बन्धमा आवश्यक ब्यवस्था मिलाई एकै व्यक्तिले नक्सा पास र सम्पन्न प्रमाणपत्र जारी नगर्नु/नगराउनु हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई परिपत्र गर्न अनुरोध गर्ने।

२. सबै स्थानीय तहमा राष्ट्रिय भवन संहिताको अनिवार्य रूपमा कार्यान्वयन हुन, असुरक्षित र नियम विपरितका भवनहरूलाई अभिलेखिकरण गर्ने कार्य तत्काल रोक्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई परिपत्र गर्ने ।

3. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को स्व-मुल्याङ्कन विषयक्षेत्रमा "राष्ट्रिय भवन संहिता लागु गरि घर वा भवनको नक्सा पास गर्ने" कार्यको अंकभार वृद्धिगराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्रचार गर्ने।

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Sudan Khatiwada
sudan.2049@gmail.com

(सुदन खतिवडा)

इन्जिनियर

<u>बोधार्थ:</u>

श्री शहरी विकास तथा भवन निर्माण विभाग

बबरमहल, काठमाण्डौं